बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
श्रीपुर, कञ्चनपुर

## धानको उन्नत वीउ खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/१२/२५)**

यस कार्यालयको कृषि विकास शाखाबाट आ.व.२०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा धानको उन्नत वीउ खरिद गर्नका लागि प्राप्त हुन आएको बजेटबाट आवश्यक वीउ खरिद गर्नुपर्ने भएकोले वीउ वीजनको कारोबार गर्न ईजाजत प्राप्त ईच्छुक विक्रेता, कृषक समूह, वीउ उत्पादक कम्पनी, सहकारी संस्था र वीउ उत्पादन फर्महरु बाट देहाय बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलवन्दी दरभाउ पत्र स्थानीय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७८/१/८ गते) रू. १००० (एक हजार मात्र) तिरी प्राप्त गरेको रसिद, सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र, आ.व.२०७७/०७८ का लागि नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, PAN मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०७६/०७७ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि र विभिन्न जातको धानको उन्नत वीउको दररेट सहित खुलेको दरभाउ पत्र पेश गरेको निवेदन संलग्न गरी पेश गर्नु पर्नेछ ।
२. सिलबन्दी दरभाउ पत्र अनुसारका कागजातहरु संलग्न राखी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (मिति २०७८/१/९) १२ बजे भित्र वेलौरी नगर कार्यपालिकाको कार्यालयमा सिलबन्दी दरभाउ पत्र दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको २ बजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको रोहवर मा वेलौरी नगर कार्यपालिकाको कार्यालय कञ्चनपुरमा खोलिनेछ ।
३. दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि दरभाउ पत्र खोल्न बाधा पुग्ने छैन ।
४. म्याद नाघी वा रीत नपुगेका सिलबन्दी दरभाउ पत्रमा कुनै कारवाही हुने छैन ।
५. यस सूचनामा उल्लेख भएका विषयहरू यसै बमोजिम र सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियामावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

<u>तपशिल</u>

| क्र.सं. | विवरण | जम्मा लागत | धरौटि रकम |
|---|---|---|---|
| १ | खाद्यान्न बाली उत्पादन कार्यक्रम अन्तर्गत धानको उन्नत वीउ वितरण ( राधा ४, सर्जु ५२, सुख्खा ३, वहुगुणी-१, वहुगुणी -२) | रु.१४६४०००। (चौध लाख चौसठ्ठी हजार मात्र) | रु. ३६६००। |

प्रमुख प्रशासकीय अधिकृत